नेपाल सरकार
मेलम्ची खानेपानी विकास समिति
मिनभवन, काठमाण्डौ ।

# स्टेशनरी तथा कार्यालय सामानहरु खरिद सम्बन्धी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७१/११/२५ (गोरखापत्र)

यस समितिको आ.व. २०७१/७२ आषाढ मसान्त सम्मको लागि आवश्यक पर्ने स्टेशनरी तथा कार्यालय सामानहरु आपूर्तिको लागि नेपाल सरकार बाट ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट वोलपत्रको प्रस्ताव आव्हान गरिएको छ ।

१. वोलपत्र सम्वन्धि विस्तृत जानकारी तथा वोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७१/१२/२४) दिनको ५:०० बजे सम्ममा यस कार्यालयको प्रोक्योरमेन्ट ईकाइवाट आवश्यक कागजात (कम्पनी रजिस्ट्रेशन, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाणपत्र) प्रस्तुत गरि तोकिए वमोजिमको रकम रु. १०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिने छ ।

२. यसरी प्राप्त गरिएको वोलपत्र तथा अन्य शर्तहरु अध्ययन गरि ईच्छुक फर्म, संस्था वा कम्पनीले Bid गर्न चाहेमा यो सूचना प्रकाशित गरिएको ३१ औं (२०७१/१२/२५) दिनको १२:०० वजे भित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वक सहि छाप तथा शिलबन्दी गरी बोलपत्रदाता वा आफ्नो प्रतिनिधी मार्फत यस समितिमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरू सोही दिनको २:०० वजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा समितिको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र साथ जमानत वापतको रकम एभरेष्ट बैंक, सिंहदरवार, काठमाण्डौमा रहेको धराटी खाता नं. १३५००१, को.ले.नि.का. भुक्तानी केन्द्र नं. ४, सिंहदरवारमा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको वोलपत्र जमानत (Bid Security) पेश गर्नु पर्नेछ । वोलपत्र जमानतको मान्य अवधि वोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा १२० दिन अवधिको हुनुपर्नेछ । वोलपत्रको मान्य अवधि ९० दिन रहनेछ । वोलपत्र स्वीकृत भई सकेपछि बोलपत्र स्वीकृती भएको बोलपत्रदाताले स्वीकृतीको आशयपत्र प्राप्त गरेको १५ दिन भित्र कवोल रकमको पांच प्रतिशत रकम नगद वा शर्त रहित कार्य सम्पादन जमानत पेश गरी सम्झौता गरी सक्नु पर्नेछ । यस्तो जमानतको म्याद २०७२ साल मंसिर मसान्तसम्मको हुनुपर्नेछ ।

४. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र साथ संलग्न शर्त बमोजिम हुनेछ । अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिने छ ।

५. यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक नियमावली २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| ठेक्का नं. | कार्य विवरण | लगत इष्टिमेट अङ्क (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| ०२/MWSDB/०७१/७२ | स्टेशनरी तथा कार्यालय सामान खरिद | ३०,७७,९२५.३७ | ७७०००.०० | १०००.०० |

यस सम्वन्धमा थप जानकारी आवश्यक गरेमा यस समितिमा निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

प्रोक्युरमेन्ट युनिट
मेलम्ची खानेपानी विकास समिति
मिनभवन, काठमाण्डौ ।
फोन नं ९७७–१–४४६९३१५
Website : www.melamchiwater.org